दलित महिला वडापत्र २०६४

प्रस्तावना

सदियैं देखि जातिय , वर्गिय र लिङगिय विभेदको तेहेरो शोषण खेप्दै आएका दलित महिलाहरु माथि राज्यका नीति नियमहरु नै विभेदकारी छन् । कुल जनसंख्याको १३ प्रतिशत दलित र त्यस भित्र पनि आधा संख्या ओगटेका दलित महिलाहरुले शदियै देखि सामाजिक रुपमा शून्य प्रतिनिधित्व, राज्यको कुनैपनि तहमा पहु‘‘च तथा प्रतिनिधित्व नभएर सेवा सुविधावाट वञ्चित ,राजनैतिक रुपमा शून्य प्रतिनिधित्व ,राज्यको कुनै पनि तहमा पहु‘‘च तथा प्रतिनिधित्व नभएर सेवा सुविधावाट वञ्चित भएको अवश्थामा छन् ।
मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक र राजनैतिक अधिकारको प्रतिज्ञापत्र १९६६, सामाजिक , सांस्कृतिक तथा आर्थिक अधिकार प्रतिज्ञापत्र १९६६, सबै प्रकारका जातिय विभेद उन्मुलन सन्धि १९६५, महिलामाथि हुने सबै भेदभाव उन्मुलन अभिसन्धि १९७९, वाल अधिकार सम्वन्धि महासन्धि १९८९र यातना विरुद्धको महासन्धिले प्रदत्त गरेको मानव अधिकार दलित महिलाका पनि मानव अधिकार हुन् ।तर अझै पनि यस्ता अन्तराष्ट्रिय घोषणा र महासन्धि विपरित राज्यले दलित महिलालाई शोषणा गर्दै आएको छ । यि अधिकारको सुनिश्चिता  राज्यले गर्नु पर्दछ । प्रचिन काल देखिनै एकछत्र रुपमा रहेको जहानिया, एकतन्त्रीय, सामन्ती सरकारको कारण महिला भित्रका पनि दलित महिलाहरु दोस्रो दर्जाको नागरिकमा राखिएको तथ्यलाई स्मरण गराउदै देशको वदलिदो सामाजिक तथा राजनीतिक परिस्थितिमा मानव अधिकारको थप सुनिश्चितताका लागि घर भित्र , समाजमा , कार्यस्थलमा, समुदायलगायत दलित महिलाले सबै क्षेत्रमा गरेको योगदानलाई उचित मान्यता तथा सम्मान दिइनुपर्ने आवश्यकता अनुभव गर्दै संविधान सभा र नया‘‘ राज्यको संरचना दलित महिलाको समानुपातिक सहभागिताको सुनिश्चितका लागि राष्ट्रिय सम्मेलनमा भाग लिएका देशका विभिन्न जिल्लाका विभिन्न भागमा वस्ने दलित भित्रका पनि विभिन्न जातको प्रतिनिधित्व गर्दै दलित महिलाहरुले जारी गरेको नया‘‘ राज्य निर्माणमा महिलाको वडापत्र माथि व्यापक छलफल तथा परामर्श गरी सम्पूर्ण नेपाली दलित महिलाहरुको तर्फवाट प्रभावकारी समानता , समानुपातिक सहभागिता र सामाजिक न्यायकालागी दलित महिला वडापत्र २०६४ जारी गर्दछौं ।

जनआन्दोलन २ को सफलता पश्चात पुनश्थापना भएको संसदले गरेको छुवाछुत मुक्त देश घोषण लगायतका जनमुखि घोषणहरुको हामी दलित महिला स्वागत गर्दछौ ।तर ती घोषणहरु कार्यन्वयनका संयन्त्र बन्न नसकेकोमा हामी दलित महिलारुको गहिरो ध्यानआर्कषण भएको छ ।प्रतिनिधि सभाले घोषण गरेपछि पनि दलित महिलाहरुले जतिय लिङगिय शोषणहरु खेप्दै आएका छन् । संसदले लिङगिय घोषण गरे पश्चात पनि दर्जनौ ऐन कानुनहरु अझै महिलालाई विभेद गर्ने खालका छन् ।साथै संविधान सभा मार्फत राज्यको पुर्नसंरचना गर्ने भनिए पनि संविधानसभाको निर्वाचन तोकिएको समयमा हुन नसकेकोमा हामी दलित महिलाहरु खेद प्रकट गर्दछौ ।

अव अन्तरिम सरकार ,संसद र संविधान सभाद्धारा गरिने कुनै पनि निर्णयहरु दलित महिलाहरु माथि विभेद नहोस् भन्नेवारे खवरदारी गर्दै , जनआन्दोलन बाट स्थापित सरकारद्धारा जनादेशको कदर भएर जतिसक्दो चाडैं संविधानसभा निर्वाचन गराएर दलित महिलाहरुको समानुपातिक प्रतिनिधित्व सहित लोककल्याणकारी रज्यको स्थपना हुनेछ भन्नेमा ljZjfz गर्दछौ ।राज्यको पुर्नसंरचना गर्दा मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९८४,जातिय विभेद उन्मुलन सनधि १०६५, महिला माथि हुने सबै प्रकारका उन्मुलन अभिसन्धि १९७९, सामाजिक , सास्कृतिक तथा आर्थिक अधिकार प्रतिज्ञापत्र १९६६, यातना विरुद्धको महासन्धिले दिएको अधिकारहरु सुनिश्चित भएको अनुभुति राज्यले सबै नागरिक लाई गराउन सके मात्र वास्तविकतारुपमा राज्यको पुर्नसंरचना  हुने यथार्थलाई हामि दलित

महिलाहरु दोहोराउन हामी चाहान्छौं । लामो समय देखि दलित महिलाहरु जतिय लिङयिक र गरिबिको तेहोरो शोषण मा पर्दै आएका छन् । त्यसका साथै नेकपा माओवादीले संचालन गरेको १२ वर्ष जनयुद्धको अवधिमा समेत दलित महिलाहरु कोहि राज्य पक्षबाट त कोहि बिद्रोही पक्षबाट विभिन्न हिंसाहरु खेप्न वाध्य भएका छन् । जातिय विवेधका साथै जगडिएर बसेको गरिबी र अशिक्षा का कारणले अझैपनि आम दलित महिलाहरु आफ्नो अधिकार खोज्न सक्ने अवस्थामा नभएको कारण अहिले पनि परम्परावादि सामान्ती राज्यसत्ताबाट दलित महिलाहरु

शोषणमा पर्दै आएका छन् । यी सबै तथ्यहरुलाई स्विकार गर्दै हामी दलित महिलाहरु शोषण पर्दै आएका छन् । यी सबै तथ्यहरुलाई स्विकार गर्दै हामि दलित महिलाहरु सामाजिक न्याय महिलाको न्यूनतम अधिकार र दण्डहिनताको अन्त्यका साथै राज्य सत्ताम दलित महिलाहरुको समानुपातिक प्रतिनिधित्वका लागि अब बन्ने राज्यको पुर्नसंरचनामा गंभिरताका साथ राज्यका सबै निकायमा दलित महिलाको प्रतिनित्विको सुनिश्चियता गरियोस् भनि अपिल गर्दछौं ।

दलित महिलाका मानवअधिकारको सुनिश्चियता त्यस वखतसम्म हुन सक्दैन् जवसम्म महिलाको जैविक प्रजनन सामाजिक न्याय सहित सम्पूर्ण प्रजनन र जातिय भुमिकास“ग सम्वन्धित विषेश अधिकार माथी राज्यको संविधान , निति नियम र ऐन/कानुनले न्याय गर्न सक्दैन् । यस यथार्थलाई आत्मसाथ गर्दै हामि दलित महिलाहरु नेपालको राज्य पुर्नसंरचनमा बनाईने संविधान ,नीति नियम र ऐन कानुनहरुले दलित महिलाका विषेश अधिकारको संरक्षण गर्दै मानवअधिकार प्रत्याभूती गर्नु पर्दछ भन्ने माग राख्दछौं । वडापत्रद्धारा माग गरिएका अधिकारहरु समावेशीताका सिद्धान्तमा आधारित हुनेछन् ।यसैगरि दलित महिला भित्र विभिधता छ । यस विभिधता लाई आत्मसाथ गरी दलित महिला विशेष अधिकारका निम्ति कार्य गर्दा दलित महिला भित्र पनि पछाडि पारिएका तथा विविधता बोकेका महिला केन्द्रित कार्य हुनुपर्दछ भनि हामी दोहोराउ“दछौं ।

दलित महिलाको स्थिति

सामाजिक ,आर्थिक राजनीति शैक्षिक लगाएतका क्षेत्रमा सबै भन्दा पछाडि परेका दलित महिलाहरु राज्य संरचनाको सम्पूर्ण क्षेत्रमा प्रतिनिधित्व गराएर मात्र नेपाललाई पुर्णरुपले लोकतान्त्रीक गणतन्त्रात्मक राज्यमा रुपान्तर गर्न सकिनेमा हामी विस्वास गर्दछौं र सोहि अनुसार कार्य संचालन गर्न अनुरोध गर्दछौं ।देशमा सदियौ देखि विद्धमान समान्तवाद , पितृसतात्मक संरचना तथा विद्धमान उत्पादनका साधनहरुमा वाहुनवादि सोचका कारण नेपाल राजनितिक ,आर्थिक क्षेत्रमा अत्यान्त पछाडि परेको छ ।महिलाका लागी राज्यले उपलव्ध गराएका सुविधा र अवसरहरुमा पनि गैर दलित महिलाको पकड भएको कारण दलित महिलाहरु राज्यसत्ताबाट अझैसम्म पाखा लगाउदै आएका छन् ।प्राचिन काल देखि नै राज्यले दलितहरुप्रति गरेको विभेदकारी नीतिका कारण नेपाल विश्वकै गरिव मुलुकको पंक्तिमा पुगेको छ ।हामी नेपाली महिलाहरु विभिन्न प्रकारका जातिय र लिङगिक विभेदको कडा आलोचना गर्दै देशको ल्याएको राजनितिक परिवर्तनले दिएको ऐतिहासिक अवसरको प्रयोगगरी आफ्नो अधिकार सुनिश्चीतताको माग गर्दछौं ।

एककाइसौ शताव्दीमा समेत सामान्ती व्यवश्थाको अवषेशको रुपमा रहेको जातिय छुवाछुत प्रथाको कारण देशको २५ प्रतिशत दलित जनसख्यालाई पाखा लगाईएको छ । देशको २५ प्रतिशतको संख्यामा रहेको दलितहरु माथी अपराध गराईएको छ। यस प्रकारको छुवाछुत प्रथाका कारण दलित महिलाहरु झनै वढि सिमान्तकृत वनाईएका छन् जसले गर्दा विभिन्न प्रकारका हिंसा ,शोषण र जोखिमहरु खेप्न उनीहरु वाध्य छन् ।महिलाहरुलाई पछाडी पार्ने तत्वको केन्द्रविन्दुमा देश ,समाज ,राजनैतिक पार्टिहरु, नागरिक समाज लगाएत घरमा समेत पितृसत्तात्मक मान्यता दावी भएको हमी किटानी गर्दछौं । पितृसत्तात्मक संस्कारले महिलाहरुलाई घरभित्र सिमित राखेर घरेलु तथा सेवामुलक कार्यको घेरा ब“धि घर बहिर सामाजिक तथा राजनैतिक काम तथा नेतृत्वको जिम्मेवारी पुरुषले मात्रै लिदै आएका छन ।शदियौ देखि लोकतन्त्र तथा मानवअधिकार लाई पुरुषको नजर एवंम अनुभवको नजरले हेर्ने , बुझ्ने तथा विभेदपूर्ण शैलीले परिभाषित गर्ने गरिएको छ ।समुदाय , समाज तथा राज्यका संरचनाहरु

पुरुषलाई नेतृत्व लिन सजिलो हुने तथा फाइदा हुने तरिकाले तयार गरिएका तथा प्रचलनमा ल्याइएका छन् ।

हृमी दलित महिलाई आफ्नो जीवन, शरिर र निर्णयक भुमिकाबाट आफै नियन्त्रण गर्ने अधिकार छ । समाज, घर ,परिवार र राज्यमा हाम्रो महत्वपूर्ण जिम्मेवारी छ । तर हामीलाई निर्णय गर्ने अवसर बाट वञ्चित गराइएको छ र निर्णयक भुमिकाबाट पाखा लगाइएको छ । हामी घरका साथै राज्यका सम्पूर्ण निर्णयक तहमा वरावरीको साझेदारी चाहन्छौ । देशको सामाजिक, आर्थिक , राजनैतिक लगाएतका सम्पुर्ण किसिमका निर्णय प्रकृयामा सबै तहमा दलित महिलाहरुको अनुभवको आधारमा भावी नेपालको सामाजिक , आर्थिक , कानुनी तथा राजनैतिक प्रणलिमा हुनुपर्ने परिवर्तनका मुद्दाहरु उठान गर्दछौं ।
हृमी सम्पूर्ण दलित महिलाहरु विद्धमान विभेदपुर्ण मान्यता ,व्यवहार ,निति ,नियम अन्त्य गर्ने विषयलाई स्वास्थ्य शिक्षा संचार रितिरिवाज पारिवारिक र वैवाहिक जीवन सस्कृती धर्म अर्थ व्यवस्था जस्ता हाम्रो जीवनका सम्पुण सामाजिक, आर्थिक तथा सास्कृतिक अधिकारका साथै राजनितिक तथा नागरिक अधिकारका पक्षबाट विश्लेषण गरि मानवअधिकारमुखि दृष्टिकोणबाट सुनिश्चीत गर्नका लागि निम्न कार्यक्रम तथा नीतिहरुको व्यवस्था गर्न जोडदार माग राख्दछौं ।

१) राजनैतिक र नागरिक जीवन

परम्परागतरुपमै दलित महिलाहरुलाई राजनैतिक ,नागरिक तथा सामुदायिक स्तरका निर्णय प्रकियाबाट पाखा लगाईएको छ।समावेशी लोकतन्त्रका लातिग सबै राजर्नतिक गतिविधिहरुमा दलित महिलाहरुको सहभागिता आवश्यक छ । त्यसका लागि निम्न लिखित कार्य र व्यवहारहरु
गर्नु हामि माग राख्दछौं ।

- संविधान सभाको निर्वाचनमा दलित महिलाको लागि १३ प्रतिशत सिट सुरक्षित गर्नु पर्दछ ।
- राज्यका सम्पुर्ण तहमा हुने नीति निर्माण गर्न पदहरु र नेतृत्वमा दलित महिलाको समान पहुच र सुनिश्चीयता गर्नु पर्दछ । उनीहरु लोकतान्तिक समावेशी तथा पारदर्शी हुन सकेमा मात्र देशको लोकतन्त्र दिगो हुन्छ । लोकतान्त्रिक व्यवस्थाको उदेश्यनै पछाडि परेका समुदायलाई अन्य नागरिक सरह वनाउनु भएकाले दलित महिलाहरुको हरेक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गर्न हामि माग राख्दछौ ।
- राजनैतिक पाटिको निर्णयक तह देखि गाउ इलाका सम्मका दलित महिलाको समावेशी ,समानुपातिक सहभागिता नभएको पार्टिलाई राष्टिय पार्टिको मान्यता नदिने कानुनी व्यवस्था हुनुपर्दछ ।
- दलित महिलालाई दलित भित्र ५० प्रतिशत र महिला भित्र २० प्रतिशत आरक्षको व्यवस्था राज्यका सबै तहमा गरिनु पर्छ ।
- लोकतन्त्रको सिद्धान्त अनुरुप परम्परागत संस्थाहरुमा पुर्नसंरचना गरिनुपर्दछ ।
- दलित महिलाहरुको पुर्ण राजनैतिक सहभागितालाई सघाउनका लागि राज्यको संयन्त्रको निर्माण गरिनुपर्दछ ।
- दलित महिलालाई पुर्ण राजनैतिक सहभागितालाई सधाउनको लागि राज्यले विशेष संयन्त्रको निर्माण गरिनुपर्छ ।
- दलित महिलाहरुलाई डर घाक र धक्कीवाट स्वतन्त्र गराउनु पर्दछ ।

२ समानता

समानता हाम्रो यस वडापत्रको मुख्य सिद्धान्त हो । हाम्रो सबै अधिकारहरु समानताको सिद्धान्त आधारित छन् ।समानता महिला र पुरुषविचको साथै दलित महिला र गैर दलित महिलाको विचमा हुनुपर्दछ भन्ने हाम्रो विश्वास छ ।अब बन्ने राज्यको पुर्नसंरचनामा महिलाबिचको विभिदतालाई पहिचान गरि दलित महिलाले भोग्दै आएका जातिय विभेद लैगियिक विभेद ,यौन शोषण

लगाएतका समस्याहरुलाई निर्मुल पार्नका निम्ति विशेष व्यवस्था लागु गर्नु पर्दछ ।समानताका लागि गरिने हाम्रो संघषका क्रममा अगाडि सारिएका मागहरु दलित महिलाका जीवनका सबै क्षेत्रमा पछाडि पारिएको र विभेदकारी जीवन यापनको यथार्थमा आधारित छ ।अहिलेको आर्थिक तथा राजनैतिक परिवेशमा दलित महिला र अन्य महिला र पुरुषविचमा सतहि रुपमा समान व्यवहार गरेपनि यसले समानता कायम गर्न सक्दैन भन्ने हामी मान्दछौ ।त्यस कारण सा‘‘चो अर्थमा समानता प्रवधन गर्न केहि समयका लागि दलित महिलाको निमित्त विशेष व्यवस्था आवश्यक हुन्छ ।

समानता हाम्रो जीवनको हरेक पक्षमा आवश्यक हुन्छ । हामी हाम्रो जीवनको हरेक पक्षमा परिवार र कार्यस्थल देखि राज्य व्यवस्थासम्म समान व्यवहार गरी समानता सुनिश्चित हुने वातावरण तयार गर्नु पर्ने माग राख्छौं । तसर्थ सरकारको सबै तहका सम्पूर्ण नीति, नियम, कानुनी व्यवस्थाहरु समानता व्यवहारगत रुपमा अनुभूति गराउनका लागि निर्दिष्ट गर्न निम्न कानुनी व्यवस्था गर्ने माग गर्दछौं ।

- सार्वजनिक स्थलहरु अझै पनि दलितहरुलाई खुला नगरिएको अवस्था कायमै छ। यसको अन्त्यका लागि सार्वजनिक स्थलमा भेदभाव गर्नेलाई उसको नागरिकता समेत खारेज हुने सहितको अपराधको रुपमा परिभाषित गरिनु पर्दछ ।
- अव बन्ने राज्यको पुनर्संरचनामा दलित महिलाहरुको अधिकार स्थापना गर्न विशेष कानुनी व्यवस्था गर्नुपर्दछ । उनीहरुको राज्य संरचनाको निर्णय गर्ने तहहरुमा समानुपातिक सहभागिता सुनिश्चित गर्न विशेष व्यवस्था गर्न हामी माग गर्दछौं । यसका साथै दलित महिलाका जीवनमा सामाजिक, आर्थिक, राजनैतिक, सा‘‘स्कृतिक, नागरिक सबै पक्ष न्यायिक सहभागिता होस् । सबैले विकासको प्रतिफल समानरुपले उपभोग गर्न सकुन भनी विशेष व्यवस्था गर्न पर्दछ ।
- दलित महिलाहरु माथि हुने सबै प्रकारका हिंसा उन्मुलन सम्बन्धी महासन्धिका प्रावधानलाई केन्द्रीत गरी सरकारी सेवामा दलित महिलाहरुको समानुपातिक सहभागिताको लागि दलित महिलाहरुलाई निजामति ऐनमा संशोधन गरेर २० प्रतिशत कोटा छुट्टाइदिनु पर्छ । निर्णायक तहमा दलित महिलाको सहभागिता वृद्धिको लागि सकारात्मक विभेदको प्रावधान राख्नु पर्दछ ।
- राज्यको सुरक्षा निकाय नेपाल प्रहरी, नेपाल सेना जस्तो क्षेत्रमा दलित महिलाहरुको सहभागिता आवश्यक छ । यो नेपाल प्रहरी तथा नेपाली सेना सम्बन्धी ऐनको संशोधन तथा दलित महिलाहरुको लागि विशेष व्यवस्था विना सम्भव छैन । त्यसैले नेपाल प्रहरी तथा नेपाली सेनाको ऐन परिवर्तन गरी दलित महिलाहरुको लागि २० प्रतिशत कोटा निर्धारण गरिनुपर्दछ ।
- राज्यका सबै तहमा दलित महिलाहरुको सहभागिताको प्रबद्धन र सुनिश्चितताको लागि सरकारलाई सुझाव दिने, आवश्यकता अनुसार अनुसन्धान गर्ने तथा सरकारका निकायहरुमा समान सहभागिताको प्रबद्धन भए/नभएको अनुगमन गर्ने एउटा छुट्टै एच्च स्तरीय निकायको गठन गर्नु पर्दछ ।
- महिलाका लागि व्यवस्था गरिएको ३३ प्रतिशत आरक्षण भित्र दलित महिलका लागि जनसंख्याको आधारमा समानुपातिक सहभागिताको सुनिश्चितता गरिनु पर्दछ ।
- जातीय, लिँगीय र सबै प्रकारका विभेदको उन्मुलन गर्ने महासन्धिहरुको राष्ट्रिय कानुन कडा रुपमा पालना हुनुपर्दछ । त्यसको कार्यान्वयनको लागि आयोगको गठन गर्नुपर्दछ ।

## ३. पुर्नस्थापना/पुर्ननिर्माण

१२ वर्षसम्म देशमा भएका शसस्त्र आन्दोलनका कारण विद्रोही सेना भित्रका दलित महिलाहरु विभिन्न प्रकारले प्रभावित भएका छन् । कतिको अँङभँङ भएको छ ,कति वलात्कृत

भएका छन् ,कति विस्थापित जीवन विताइरहेका छन भने कतिले विधुवा भई जीवन यापन गर्न वाध्य छन । त्यसै गरि सयौ दलित महिलाहरुका छोराछोरी द्वन्द्वका कारण पलायन भएका छन ,विभिन्न प्रकारका जोखिम पूर्ण श्रमहरु अंगाल्न वाध्यछन ,वेपत्ता पारिएका छन ।यो तथ्यलाई  केन्द्र विन्दुमा राख्दै अहिलेको सरकारले प्राथमिकता तोकि निम्न कार्यहरु गर्न माग गर्दछौ ।

- युद्ध प्रभावित दलित महिलाहरुको बारेमा सहि जानकारी प्राप्त गर्न देशभरमा वास्तविक अनुसन्धान गर्नु पर्दछ ।
- द्वन्द्वको समयमा अ¨भ¨ भएका ,वलात्कृत र यौन शोषणका परेका दलित महिलाहरुलाई आवश्यक अनुरुपको औषधी उपचार ,जीवन निर्वाह तथा मनोविर्मशको साथै उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ ।
- वेपत्ता पारिएका दलितहरुको उपयुक्त छानविन गरि सार्वजानिक गर्न ।वेपत्ता पारिएका परिवारहरुका लागि उपयुक्त क्षतिपूर्ति व्यवस्था ,आवश्यकता अनुसारको सहयोाग ,आन्तरिक विस्थापितहरुलाई समानुपुर्वक घर फर्कन सक्के वातावरण सृजना गर्नु पर्ने।
- देश भित्र तथा देश वाहिर जोखिम पुर्ण कार्य गर्न बाध्य वनाइएका १८ वर्ष मुनिका सम्पूर्ण दलित वालवालिकाहरुलाई उद्धार गरी उनीहरुको जीवन निर्माणका लागि आवश्यक व्यवस्था गर्नु पर्दछ ।
- पुर्नस्थापना /पुर्नमिलन न्याय प्राप्ती सम्वभ छैन । तसर्थ द्वन्द्वको समयमा गरिएको अपराधहरुको उचित छानविन तथा दोषी उपर कारवाहि गर्नुपर्दछ ।
- दण्डहिनताको अन्त्यका लागि विशेष कानुन प्रावधान लागु गर्नुपर्दछ ।

४. **कानुन तथा न्याय**

- देशको सामन्ती तथा पितृसतात्मक सोचवाट निर्देशित कानुन तथा न्याय व्यवस्थाले दलित महिलालाई आवश्यक न्याय दिन नसकेर यथार्थता हामी सबैले आत्मसात गरेका छौ ।त्यसकारण हामी कानुनको विकास प्रयोग र व्याख्या समानताको सिद्धान्तको आधारमा गर्न निम्न व्यवस्था गर्न माग गर्दछौ ।
- सबै कानुन व्यवशायी र न्यायधिसहरुलाई लैङगिक र जातिय दृष्ट्रिकोण स्पस्ट पार्न उपयूक्त तालिमको व्यवस्था गर्नपर्दछ भने न्याय प्रशासनलाई अनिवार्य रुपमा पुर्नसंरचना गर्नुपर्दछ ।
- न्याय सेवामा दलित महिलाहरुको सहभागिता गराउनको लागि विशेष कानुनी व्यवस्था सहितको विशेष नीति तयार गर्नु पर्दछ । यसका लागि कानुन निर्माण, प्रयोग,व्याख्या जस्ता कार्य गर्दा दलित महिलाको सामाजिक,आर्थिक र राजनैतिक अवस्थालाई  विश्लेषण गरी गर्नुपर्दछ ।
- कानुनी उपचार पाउने महिलाको अधिकारलाई पारिवारिक अदालत, बन्द इजलाश सहिदको व्यवस्था गर्नुपर्दछ ।
- कानुनका हरेक पक्षमा दलित महिलाको समानताको ग्यारेन्टी गर्नु पर्दछ ।
- दलित महिलाले सम्पत्ती राख्ने, खरिद बिक्री गर्ने,जमिन माथीको अधिकार ,वश.जको अधिकार ,पैत्रिक सम्पत्तीमा समान अधिकार जस्ता अधिकारहरु सुनिश्चीत गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजानिक,सरकारी,गैरसरकारी तथा निजि क्षेत्रको निर्णयक तहमा दलित महिलाको सहभागिताको ग्यारेन्टी गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- देशका त्रुटिपुर्ण संरचनाका कारण भएका हिंसा तथा दलित महिलालाई गरिने विभिन्न प्रकारका हिंसाहरुको अन्त्यका लागी मानव अधिकार दृष्ट्रिकोणवाछट आवश्यक कानुनको निर्माण गर्नु पर्दछ ।
- वलत्कार विरुद्धको कानुनको तुरुन्त निर्माण गरेर कार्यन्वयन संयन्त्र निमार्ण गरिहनुपर्दछ ।
- पीडितमुखि न्याय प्रणलीको व्यवस्था तुरुन्त निर्माण तयार गरिनु पर्दछ । यसका लागि आवश्यक पर्ने सबै क्षेत्रको क्षमता अभिवृद्धिका नीति निर्माण तयार गरिनु पर्छ ।

- मानव अधिकार आयोग, महिला आयोग, दलित आयोग जस्ता उच्चस्तरिय स्वतन्त्र आयोगहरुका सदस्य देखि कर्मचारिसम्म सवै तहमा दलित महिलाको सहभागिताको सुनिश्चीता गर्ने कानुन निर्माण गर्नु पदर्छ ।
- निवार्चन आयोग, अख्तियार दुरपयोग अनुसन्धान आयोग लोक सेवा आयोग जस्ता संवैधानिक आयोगहरुमा सदस्यदेखि कर्मचारी सम्म सबै तहमा दलित महिलाको समानुपतिक सहभागिताको ग्यारेन्टी गर्ने कानुन निर्माण गरिनु पर्दछ ।
- कुनै पनि प्रायौजनका लागि सरकारले बनाउने आयोग र समिति सबैले दलित महिलाको सहभागिताको ग्यारेन्टी गर्ने कानुनको निर्माण गनुपर्ने ।

- न्याय सेवामा सर्वोच्च दखि पुनारावेदन ,जिल्ला र विषेश अदालत जस्ता स्थानहरुमा दलित महिलाको सहभागिता सुनिश्चीत गर्ने कानुन निर्माण गनुपर्दछ त्यसका साथै दलित महिलालाई न्याय सेवाको हरेक तहमा पुऱ्याउने विषेश व्यवस्था गर्ने कानुनको निर्माण गनुपर्दछ ।

५) **अर्थ व्यवस्था**

- दलित महिलाको सशक्तिकरण तथा समानताका लागि महिलाको आर्थिक अधिकारले अत्यन्त महत्व राख्दछ ।देशका प्रचलित अर्थव्यवस्था र आर्थिक नीतिले महिलाको कामलाई मुल्याकंन गरेको छैन ।आर्थिक  क्षेत्रभित्रका रणनितिक स्थानहरुमा पुरुषको र गैर दलित महिलाको वर्चश्व छ ।आर्थीक संरचनामा विद्यमान विभिन्न सामाजिक आर्थिक तथा सैद्धान्तीक व्यवधानहरुले दलित महिलाहरु सहभागितालाई सिमित वनाएका छन् । त्यस्ता कार्यक्षेत्रमा दलित महिलाहरुका लागि कुनै सामाजिक सुरक्षा छैन ।शिशु स्याहार,बिरामी उपचार, महिनावारी भएको वेला विषेश व्यवस्था जस्ता न्युनतम सुविधाहरु पनि उपलव्ध छैनन् ।उनीहरुले काम गर्ने वातावरण सुरक्षित छैन । यि विविध कारणले दलित महिलाहरु विभिन्न कार्यालयमा शोषित भईरहेका छन ,जसले गर्दा काम छोड्न वाध्य पारिन्छन वा जोखिम अ‘‘गाल्न बाध्य हुन्छन ।त्यसकारण दलित महिलाको आर्थिक क्षेत्रमा समान सहभागिता होस् भनि हामि निम्न माग राख्दछौं ।
- दलितहरुको परम्परागत पेशा र सिपहरुको आधुनिकिकरण गर्न राज्यले विशेष प्याकेज कार्यक्रम लागु गर्नु पर्दछ ।
- लि¨ र जातको आधारमा कामको वर्गिकरण गर्ने काम वन्द  गरिनुपर्छ ।त्यसरी विभाजन गर्ने प्रवृतिलाई हतोत्साहित गर्न लि¨को आधारमा गरिने कामको विभाजनलाई कानुनीरुपमा दण्डित बनाउनु पर्छ ।
- दलित महिला भएका सबै कार्यक्षेत्रमा पेन्सन, सुरक्षित वासको व्यवस्था,औषधि उपचारको व्यवस्था गर्ने नितिगत व्यवस्था गरिनु पर्छ ।साथै जातिय विभेद गर्नेलाई कडा दण्डनियका साथै त्यस्ता कार्यालयको दर्ता खारेजी गरी जरिवानाको व्यवस्था गरिनुपर्छ ।
- दलित भित्रका पनि एकल महिला ,विधुवा महिला तथा परिवारको भरण पोषण एक्लैले गर्नुपर्ने दलित महिलाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई विषेश रोजगारिको तथा सुविधाको व्यवस्था गर्नुपर्दछ ।एक्लै परिवार पाल्ने दलित महिलाहरुको लागि सरकारले सहुलियत काडको व्यवस्था गर्नुपर्दछ ।
- अनौपचारिक क्षेत्रमा कार्यरत दलित महिलाको लागि स्वास्थ्य ,सुरक्षित वातावरण तयार गरिनुपर्दछ ।उनीहरुको कामको मूल्यांकन गरि रोजगारिको ग्यारेन्टी गरिनुपर्दछ ।
- अनौपचारिक क्षेत्रमा दलित महिलालाई मनपरि रुपमा न्युन ज्याला दिने विभिन्न प्रकारका शोषण गर्ने,ईच्छाविपरित काममा लगाउने वा शोषण गर्ने प्रवृत्तिको अन्त्य गरिनुपर्दछ ।अनौपचारिक क्षेत्रलाई शोषणरहित र न्यायमुखि वनाउनको लागि आवश्यक कानुनी तथा प्रशासनीक व्यवस्था गरिनुपर्दछ ।

- अनौपचारिक क्षेत्रमा काम गर्न महिलाहरुले आङ्गनो हकअधिकारको लागि ट्रेड युनियन खोल्ने पाउने व्यवस्था गरिनुपर्दछ ।
- नया" आर्थिक कारोवार सुरु गर्न दलित महिलालाई विनाधितो ऋणको व्यवस्था र व्यापार छनौट तथा वजार व्यवस्थापनमा राज्यले सहयोगको भुमिको व्यवस्था गर्नुपर्दछ ।
- अर्थ मन्त्रालय देखि आर्थिक कारोवारको नीति निर्माण गर्न ,देशको आर्थिक विकासको लागि छलफल गर्ने ,योजना वनाउने र कार्यन्यवको संयन्त्र निर्माण गर्ने सबै तहमा दलित महिलाको सहभागिता सुनिश्चित गराउने संयन्त्रको विकास गर्नुपर्दछ ।

६)**शिक्षा तथा तालिमहरु**

शिक्षा आर्जन गर्नपाउने सबैको मानवअधिकार हो ।अहिलेको एक्काइसौ सताव्धीमा मानव जीवनमा नभईनहुने कुरा हो शिक्षा ।तर नेपालमा अधिकांस दलित महिलाहरु शिक्षावाट वञ्चित छन ।अहिले विद्यमान शिक्षा प्रणाली खासगरि स्कुल,कलेज व्यवसायिक तालिमहरुवाट दिईने शिक्षालाई दलित महिलाहरुवाट दिइने शिक्षाहरुले दलित महिलाका अनुभव र आवश्यकताहरुलाई समेटेका छैनन् ।तसर्थ हामि निम्न वमोजिमका माग राख्दछौ ।

- हाल नेपालमा प्रदान गरिने शिक्षँ पुरुषमुखि र सबैको पहुचमा नभएको साथै अव्यवहारिक र भेदभावमुलक भएकोले जनमुखि र व्यवहारिक शिक्षँ नीति लागु गरिनुपर्दछ ।
- दलित महिलालाई प्राथमिक देखि उच्च शिक्षासम्म प्राविधिक र अप्राविधिक दुवैमा निःशुल्क छात्रवृति सहिदको अनिवार्य शिक्षा लागु गर्नुपर्दछ ।
- शिक्षामा द्रुत गतिले वढेको व्यापारीकरण वन्द गरेर विभेदकारी शिक्षाको अन्त्य गरिनु पर्दछ ।
- शिशु स्याहार केन्द्र तथा अपाङ्गहरुको लागि विषेश व्यवस्था सहितको शैक्षिका संस्था तथा सामाग्री तयार गर्नुपर्दछ ।
- पाठ्यक्रममा अझै कायम रहेका जातिय विभेद झल्काउने सामाग्रीहरुलाई तुरुन्त हटाएर दलितहरुको पुर्खेउली पेशामा सम्मानहुने गरेर पाठ्यक्रमहरु परिमार्जन गरिनुपर्दछ ।
- पाठ्यक्रममा जातिय र लैगिक विभेद हटाउने र जनचेतना वढाउने किसीमका पाठ्य सामाग्रीहरु प्रथमिक शिक्षा देखि उच्च शिक्षासम्म लागु हुनुपदर्छ ।
- कामकाजी दलित महिला, ग्रामिण दलित महिला,अपाङ्ग दलित महिला, एकल दलित महिला, पौढ दलित महिलाहरुको आवश्यकता पहिचान गरि उनीहरुको पहु"चमा हुनसक्ने खालको गुणस्तरिय शिक्षा दिने व्यवस्था गरिनुपर्दछ ।
- प्रत्यक स्कुलहरुमा एक जना दलित महिला शिक्षिकाको अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

**७. विकास, भौतिक संरचनातथा वातावरणः**

समूदायको र घर परिवारको प्रमुख जिम्मेवारी महिलाहरुले नै निर्वाह गर्दछन् । यसका बावजुत पनि हामी वहुसंख्यक दलित महिलाहरु घर,परिवार र समाज व्यवस्थापनको लागि आवश्यक पर्ने आधारभूत सुविधाबाट समेत बञ्चित छौं । हामीलाई अझै पनि स्वास्थ्य तथा उत्पादनशील जीवन बाच्न पाउने वातावरण छैन । दलित महिलाहरुले जीवनको लागि अति आवश्यक पर्ने आधारभूत विकासको प्रतिफल समेत उपभोग गर्न पाएका छैनन । समूदाय स्तरमा विस्तारै बढ्दै गएको जमिन, ज"ल, जलको अतिक्रमण, नीजिकरणले ग्रामिण समूदायमा बसोवास गर्ने, भूमिहिन, सुकुम्वासी र किसान दलित महिलाहरुको जीवन अझै कठिन हुन पुगेको छ । यि यथार्थतालाई आत्मसात गर्दै नया" नेपालका लागि निम्न कामहरु गर्नुपर्ने अडान राख्दछौं । भौतिक वातावरण र विकासमा कानुनी व्यवस्था गर्न तथा कार्यन्वयनका लागि निम्न कार्यहरु गर्नुपर्ने हुन्छ ।

- विकासका हरेक कार्यक्रमलाई दलित अधिकारमुखी सोंचबाट लागू गर्ने प्रतिवद्धता तथा कार्यान्वयनको संयन्त्र निर्माण गर्नुपर्दछ ।
- विकासका कुनै पनि योजना कार्यन्वयन गराउ‘‘दा त्यसबाट हुन सक्ने रोजगारीका सम्भावनाहरुबाट दलित महिलाका लागि फाइदा पुगोस भनि सुनिश्चित गर्नुपर्दछ ।
- हरेक दलितहरुको गाउ‘‘, वस्ती लगायतका सबै ठाउ‘‘मा शुद्ध पिउने पानी तथा चर्पीको व्यवस्था गर्न नीतिगत व्यवस्थाका साथै कार्यान्वयनका लागि बजेटको व्यवस्था गर्नुपर्दछ ।
- हालसम्म विजुली टेलिफोन नभएका दलित वस्ती गाउ‘‘हरुमा प्राथमिकता निर्धारण गरी त्यसको व्यवस्था मिलाउनुपर्दछ ।
- सबै दलित महिलाहरुले सुरक्षित बास पाउनु उनीहरुको अधिकार हो । सुरक्षित घर नभएका कारण दलित महिलाहरुले विभिन्न खालका हिंसा खेप्नु परेका यथार्थतालार्य मनन गरी दलित महिला केन्द्रित ग्रामिण आवास तथा योजनाहरुबनाउने र दलित महिलाहरुको लागि सुरक्षित बासको व्यवस्थाको लागि सजिलो ऋण प्रवाह गर्ने व्यवस्था मिलाइनु पर्दछ ।
- दलित सुकुम्वासीहरुका लागि सुरक्षित वासको सुनिश्चिता गराईनु पर्दछ ।
- दलित महिलाहरुलाई स्वास्थ्य सेवा, शिक्षा, मनोरञ्जन तथा सामाजिक कल्याणमा विशेष सुविधाहरु उपलब्ध गराईनु पर्दछ ।
- दलित महिलाहरुका अधिकार सुनिश्चित तरिकाले प्राकृतिक स्रोतहरुको संरक्षण र सदुपयोग गर्ने नीति र कार्यक्रमको कार्यन्वयन तथा त्यसबाट सृजित लाभको समुचित बा‘‘डफा‘‘ड गर्नुपर्दछ ।
- प्राकृतिक स्रोतहरुको व्यवस्थापन, संरक्षणमा दलित महिलाको भूमिका ठूलो छ । त्यसैले समुदायस्तरमा रहेका प्राकृतिक स्रोत व्यवस्थापन तथा परिचालनको निर्णयमा दलित महिलाहरुको निर्णायक तहमा सहभागिताको अधिकार सुनिश्चित हुनुपर्दछ ।

**८. सामाजिक सेवाहरुः**

सामाजिक सेवाहरु सुविधा नभई अधिकार हुन् । दलित महिलाहरुलाई सर्वसुलभ सामाजिक सेवाहरु उपलब्ध गराउन निम्नलिखित व्यवस्था गर्नुपर्दछ ।

- सामाजिक न्याय ,समानता र पहु‘‘चको सिद्धान्त अनुरुप सामाजिक कल्याणका सेवाहरु राज्य र नीजि क्षेत्रवाट दलित महिलालाई उपलव्ध गराईनुपर्दछ ।
- सामाजिक सेवाहरुले खासगरी ग्रामिण,विकट भौगोलिक क्षेत्रमा वसोवास गर्ने अपाङ्ग,एकल र विधुवा दलित महिलाहरुको आवश्यकलाई विशेषरुपमा समेटिनुपर्दछ ।
- दलित महिलालाई समानताका आधारमा आर्थिक तथा सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चीत गराईनु पर्दछ ।
- सबै सामाजिक सेवालाई सर्वसुलभ वनाई दलित महिलाहरुको पहु‘‘चमा वनाईनु पर्दछ ।

**९)पारिवारिक र दाम्पत्य जीवन**

- हाम्रो समाजमा विविध प्रकारका परिवारहरु छन् ।जसले समान अधिकारहरु,कर्तव्य र लाभहरुको उपभोग गर्न पाएका छैनन् ।दलित महिलाहरुले परिवारको सम्भार र पालनपोषणमा असमान दायित्व निर्वाह गरिरहेका छैनन् ।उनीहरुलाई निर्यण गर्ने अधिकार एकदमै कम दिईएको छ।यसमा परिवर्तनका लागि अहिलेको लोकतान्त्रिक सरकारले दलित महिलाका लागि निम्न लिखित व्यवस्था तथा अधिकारहरुको सुनिश्चियता गर्नुपर्दछ ।
- सबै प्रकारका परिवारहरुले समान मान्यता र व्यवहार पाउनु पर्दछ ।
- दलित महिलाहरुले पारिवारिक,वैवाहिक र आत्मीय सम्वन्धहरुमा प्राप्त गर्नुपर्दछ ।
- सम्पत्तीमा दलित महिलाहरुको पति तथा दाजुभाई सरहको अधिकार स्थापित हुनुपर्दछ ।

- विवाह र सम्वन्ध विक्षेदका क्रममा दलित महिलाहरुको समान सहभागिताको अधिकारको सुनिश्चियता गर्नुपर्दछ ।
- घरपरिवारको आर्थिक स्रोतमाथी दलित महिलाहरुको समान पहु‘‘च र नियन्त्रण सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ ।
- दलित महिलाले आङ्गना सन्तानको अभिभावकत्व ग्रहण गर्नपाउने व्यवस्था गर्नुपर्दछ ।
- अन्तरजातिय विवाहलाई कानुनी रुपमा वैधता दिएर थप प्रोत्साहन गर्ने कार्यक्रमहरु राज्यले निर्माण गर्नुपर्दछ ।

**१०)रीतिरिवाज, संस्कृति र धर्म**

हाम्रो समाजमा विद्यमान बहुसंख्यक हिन्दु रितिरिवाज, संस्कृति र धर्मले दलित महिलाहरुलाई तल्लो स्तरमा राखि भेदभाव गरिरहेको छ ।लैङ्गिक आधारमा विभाजन काम र भुमिकाहरु दलित महिला माथी थुपारिएका छन् ।महिलावाटै दलित महिलाहरुले जातिय छुवाछुतको मार खेप्दै आएका छन् ।कतिपय धार्मिक र सांस्कृतिक परम्परा र व्यवहारसग‘‘ सम्वधित निर्णय गर्ने प्रकृया ,नेतृत्व र सहभागितावाट दलित महिलालाई पाखा लगाईएको छ ।यस प्रकारका विभेदपुर्ण मान्यता र व्यवहारको अन्त्य हुनुपर्दछ ।यसका लागि निम्नलिखित व्यवस्था आवश्यक हुन्छ ।

- शताव्दियौ देखि दलित महिलाले भोग्दै आएका छुवाछुत ,छाउपडि प्रथा ,दाईजो प्रथा, धन खन्नेप्रथा ,बालिघरे प्रथा बादि महिलामाथी गरिने यौन शोषण ,अन्तरजातिय विवाह गर्ने जोडिलाई सुरक्षाको व्यवस्था लगायत परम्परावादि कुसस्कार र कुरितिलाई अन्त्य गर्दै दलित महिलाले भोग्दै आएका अमर्यादित जीवनलाई वनाई समाजमा स्थापित गर्नुपर्दछ ।
- मानवअधिकार सम्वन्धी कानुनमा रितिरिवाज ,संस्कृति र धर्मलाई शव्दावली अन्तरगत राखिनु पर्दछ ।
- सबै दलित महिलाहरुले आङ्गनो धर्म संस्कृति र रितिरिवाज अवलम्वन विना भेदभाव गर्न पाउने स्वतन्त्रको ग्यारेन्टी गरिनुपर्दछ ।
- दलित महिलाहरुलाई कुनै प्रकारले असर पार्ने भेदभाव गर्ने ,हानी पुर्‍याउने खालका सम्पुर्ण संस्कृति, परम्परा र रितिरिवाजलाई परिवर्तन गर्नुपर्दछ ।
- धर्म रितिरिवाज तथा संस्कृतिका नाममा दलित महिलालाई हानि पुर्‍याउने,एक्ल्याउने तथा उनीहरुलाई मानव अधिकारको हनन् हुने सबै खाले व्यवस्था तथा व्यवहारलाई निषेध गर्ने कानुनी व्यवस्थाका लागि प्रतिवद्धता सहित कार्ययोजना बनाउनु पर्दछ ।

**११)दलित महिलामाथी हुने हिंसा**

- नेपाली समाजमा विभेदपुर्ण सामाजिक,सास्कृतिक ,आर्थिक,र धार्मिक र राजनितिक मान्यता र परम्पराका आधारमा दलित महिला माथी हिंसा भईरहेका छन ।यस प्रकारका हिंसाको समाप्तीका निमित्त निम्नलिखित व्यवस्थाहरु गर्नुपर्दछ ।
- दलित महिलाहरुलाई सुरक्षाको प्रत्याभुति दिनुका साथै घर समुदाय ,कार्यस्थल र सार्वजनिक स्थलमा सबै प्रकारमा हिंसावाट स्वतन्त्र रहने अधिकार सुनिश्चीतता गर्नुपर्दछ ।
- मानवको आत्मसम्मान, नैतिकता र समानता जस्ता विषयलाई सार्वजानिक शिक्षाका रुपमा लागु गर्ने दायित्व राज्यले लिनु पर्दछ ।
- यौनजन्य र्दुव्यवहार,हिंसा र शोषणवाट दलित महिलाहरुलाई सुरक्षित राख्नको लागि उपयुक्त कानुन व्यवस्था गर्नुपर्दछ ।
- दलित महिलाहरुले बलात्कार,कुटपिट, यौन र्दुव्यवहारका विषयमा रिपोर्ट दर्ता गराउने वा छानविन गर्ने प्रहरी,चिकित्सक,सर्जन,अधिवक्ता र न्यायधिसहरुलाई उपयूक्त शिक्षा र तालिमको व्यवस्था गर्नुपर्दछ ।

- बलात्कार ,कुटपिट यौन दुर्व्यवहार जस्ता घटनाहरुको रिपोर्ट दर्ता गराउने वा छानविन गर्ने प्रहरी,चिकित्सक,सर्जन,अधिवक्ता र न्यायधिसहरुलाई उपयुक्त शिक्षँ र तालिमको व्यवस्था गर्नुपर्दछ ।
- बलात्कारी विरुद्ध पीडितमुखि कानुनको निर्माण गरि कार्यन्यवन गर्ने सयन्त्रलाई मानवअधिकारमुखि दृष्टिकोणमा कार्य गर्नसक्ने क्षमताको अभिवृद्धि गर्नुपर्दछ ।
- बलात्कार ,कुटपिट यौन दुर्व्यवहारवाट प्रभावित दलित महिलाहरुलाई लागि सुरक्षित वास र परार्मश केन्द्रको व्यवस्था राज्यले अविलम्व गर्नुपर्दछ ।यस्ता परार्मश केन्द्रहरुका लागि हरेक जिल्लामा स्थापन गर्नु पर्दछ ।सुरक्षित वास सहितको परार्मश केन्द्रहरुका लागि वजेटको व्यवस्था राज्यले गर्नुका साथै व्यवस्थापनको जिम्मेवारी स्थानिय दलित महिला अधिकारप्रति संवेदनसिल संस्थालाई दिनुपर्दछ ।
- दलित महिलामाथी हुने हिंसा र विभेदको अन्त्यको लागि उच्च स्तरिय आयोग गठन गरिनुपर्छ ।

१२) **स्वास्थ्य**

ग्रामिण दलित महिलाहरुको लागि स्वास्थ्य सेवा र परार्मश सपना मात्र भएका छन ।अधिकांस दलित महिलाहरुको सामान्य स्वास्थ्य सेवामा अभावका कारण ज्यान गरेको छ ।नेपालमा सबै भन्दा उच्च मातृ मृत्युदर दलित महिलाहरुकै छ । त्यसका साथै स्वास्थ्यस‘‘ग जोडिएका सबै समस्यावाट दलित महिलाहरु अन्य जाति भन्दा वढि ग्रसित छन ।दलित महिलाहरु स्वास्थ्य सेवा उनीहरुको अधिकार हो भन्ने ज्ञानवाट समेत अनविज्ञ रहेर आङ्मनो स्वास्थ्य सेवाका लागि आवाज उठाउन सकिरहेका छैनन ।तसर्थ स्वास्थ्यलाई मानवअधिकारका रुपमा स्थापित गर्नका लागि निम्नलिखित कार्य वा व्यवस्था तत्कालै गर्नुपर्दछ ।

- स्वास्थ्य क्षेत्रमा वढ्दै गएको नीजीकरण र व्यापारीकरणले गर्दा स्वास्थ्य सेवा दलित महिलाको पहु‘‘च भन्दा वाहिर गएको छ ।तसर्थ निजिकरण र व्यापारीकरणलाई निरुत्साहित गरी सर्वसुलभ स्वास्थ्य सेवा लागु गर्नुपर्दछ ।
- दलित महिलाका विशिष्ट स्वास्थ्य आवश्यकता समेत पुरा गर्ने सर्वसुलभ र निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउनु पर्दछ ।
- दलित महिलाले गुणस्तरिय स्वास्थ्य सेवा तथा सुविधा प्राप्त गर्ने व्यवस्था ग्रामिण तहदेखि राष्ट्रिय तहसम्म सुनिश्चीत गरिनु पर्दछ ।
- दलित महिला र पुरुष दुबैलाई परिवार नियोजन सम्वन्धि शिक्षा,सुचना र सामाग्री निःशुल्क उपलव्ध गराईनु पर्दछ ।
- दलित महिलालाई पर्याप्त पोषणको व्यवस्था राज्यले गर्नु पर्दछ ।
- दलित महिलाहरुमा पाठेघर खस्ने समस्या अत्याधिक छ ।त्यसको मुख्यकारणको रुपमा दलित महिलाहरु माथी गर्भ देखिनै गरिने हिंसा,अपमान व्यवहार ,कामको वोझ तथा वच्चा जन्माउने,सुत्करी हुने वेलामा सहि उपलव्ध नहुनु हो ।यो तथ्यलाई मनन गरि पाठेगर खस्ने समस्या अन्त्य तथा समस्या भएकाहरुको उपचारको व्यवस्था गर्न सक्ने नीति बनाउने,कार्यन्वयन गर्ने तथा त्यसको लागि वजेटको व्यवस्था गनुपर्दछ ।

१३)**संचार**

मुलुकमा पत्रपत्रिका,टेलिभिजन र कम्प्युटर जस्ता संचारका माध्यमहरुमाथी दलितहरुको पहु‘‘च सुनिश्चीत हुन नसकेको वर्तमान अवस्थामा निम्नलिखित व्यवस्थामार्फत आम दलित महिलालाई सुसूचित र सुशिक्षित हुने अवसर प्रदान गर्न सकिन्छ ।

- संचारका सबै मध्यममा दलित महिलाहरुले सहभागिताको सुनिश्चियताको गरिनु पर्छ ।
- दलित महिलाहरुको सार्वजनिक र निति क्षेत्रमा पुऱ्याएका योगदानको सबै प्रकारका संचार माध्यमले प्रसारण र प्रकाशन गर्ने नीति बनाउनु पर्दछ ।

- संचारका माध्यमले वर्तमान जातिय र लैङ्गिक विभेदलाई निराकरण गर्ने उद्देश्यका साथ समानता प्रवद्धनका कृयाकलापलाई अगाडि वढाउनु पर्दछ ।
- निजी तथा सरकारी संचार क्षेत्रमा दलित महिलाको सहभागितालाई सुनिश्चित गरिनु पर्छ ।

१४)**दलित महिला र कृषि**

नेपाल कृषि प्रधान देश हो ।कृषिका सबै क्षैत्रमा ७५ प्रतिशत भन्दावढि महिलाहरु सहभागिता छन् ।त्यसमा पनि दलित महिलाहरुको सहभागिता अत्याधिक छ ।पितृसत्तात्मक ,समान्तवादि भुस्वामित्व भएका नेपालमा वहुसख्यमक दलित किसानहरु भुमिहिन छन ।जमिन माथी अधिकार नभएको कारण दलित महिलाहरुलाई किसानका रुपमा समेत परिभाषित गरिएको छैन ।त्यसैगरि देशभरी लाखौ दलित महिलाहरु कृषि मजदुरी गरि जीविका निर्वाह गर्दै आएका छन् । तसर्थ निम्न वमोजिमको माग राख्दछौ ।

- खानाको अधिकार मानवको वाच्न पाउने अधिकारस‘‘ग अन्तरसम्वन्धित छ ।यी दुबै अधिकारलाई संविधानले महिलाको मौलिक अधिकारको रुपमा सुनिश्चीत गरेर लागु गनुपर्दछ ।
- कान्तिकारी भुमिसुधार कार्यक्रम तल्काल लागु गरेर भुमिहिन दलित महिलालाई आवश्यक जमिन उपलव्ध गराउनु पर्दछ ।
- भुमिमाथी महिलाको पुरुष सरह अधिकार स्थापना गर्ने कानुनी प्रावधानको व्यवस्था गनुपर्दछ ।
- स्थानिय विउ‘‘विजन, जैविक विविधता र प्राकृतिक स्रोतहरुमा स्थानिय समुदाय र खासगरी दलित महिलाहरुको पहु‘‘च र नियन्त्रण सुनिश्चीत गनुपर्दछ ।
- दलित महिलाको खाद्य सुरक्षँको ग्यारेन्टी गरिनु पर्छ ।
- कृषि क्षेत्रमा विद्यमान महिला र पुरुष विचको ज्यालामा भएको विभेदको तत्कालै अन्त्य गरेर समान ज्याला प्रणाली लागु  गर्नुपर्दछ ।
- कृषि मजदुरको रुपमा दलित महिलाले काम गर्ने क्षेत्रमा वच्चाको स्याहारको लागि शिशु स्याहारको व्यवस्था एवम् शौचालयको प्रवन्ध गनुपर्दछ ।

१५.**निष्कर्ष**

यो वडापत्रले आम नेपाली दलित महिलाहरुको अनुभव ,दृष्टिकोण र अपेक्षाहरुलाई प्रतिविम्वित गर्दछ । हामीले हाम्रो मौनतालाई तोड्दैछौं र यस बडापत्र मार्फत हाम्रो मानवीय सम्मानको मान्यता, विभेदपूर्ण अवस्थाको अन्त्य, सामाजिक, आर्थिक, सा‘‘स्कृतिक र राजनैतिक समानताका लागि अपेक्षित परिवर्तन एवं राज्य पुर्नसंरचनाका निमित्त आग्रह गर्दछौं । यसरी गरिने राज्य पुनर्संरचनामा दलित महिलाहरुको प्रजननभुमिका त्यसस‘‘ग सम्बन्धित अधिकारहरुलाई सुनिश्चितगर्ने विशेष व्यवस्थाका साथै मानवअधिकारका अन्तराष्ट्रिय दस्तावेजहरुहरुको मान्यतालाई पूर्णरुपले सुनिश्चित गर्ने व्यवस्था गर्नु पर्दछ । दलित महिलाहरु विभिन्न कारणले राज्यबाट पछाडि पारी सिमान्तीकृत बनाइएका छन् । विभिन्न किसिमका हिंसा, विभेद र र्दुव्यवहार खप्न बाध्यछन् । यसलाई मनन् गरी दलित महिलाहरुलाई निर्णायक तहमा ल्याउने, दलित महिला र गैर दलित महिलावीच हुने विभेद अन्त्य गर्ने वैधानिक व्यवस्था गर्नुपर्दछ । राज्यका सबै निकायमा सदीयौ देखि पछाडि पारिदैं आएका दलित महिलाको समानुपातिक प्रतिनिधित्वको ग्यारेण्टी नया‘‘ नेपालमा हुनुपर्दछ । यो वातावरण देशमा एकात्मक शासन प्रणाली रहुन्जेलसम्म संभव नहुने कुरा दोहोराउदै पूर्ण लोकतान्त्रिक गणतान्त्रिक राज्य व्यवस्थाको माग गर्दछौ ।

हामी यी मागहरु पुरा नहुन्जेलसम्म देशमा शान्ति दिगोरुपले स्थापना हुन नसक्ने तथ्य स्मरण गराउ‘‘छौ । र यी मागहरु पुरा नहुन्जेलसम्म हाम्रो आन्दोलन जारी रहने समेत घोषणा गर्दछौं ।